प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

# कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि, २०७६

## पर्यटन

(प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको (माननीय मन्त्रीस्तर)
मिति ...२०७६।६।१...... को निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

प्रदेश नं. ३

हेटौंडा, मकवानपुर

# विषय सूचि

विवरण | पेज नं.


| विवरण | पेज नं. |
|---|---|
| परिच्छेद १ संक्षिप्त नाम र प्रारम्भ | १ |
| परिच्छेद-२: परिभाषा | १ |
| परिच्छेद-३: कार्यविधिको सामान्य मार्गदर्शन | १ |
| परिच्छेद-४: उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि | २ |
| परिच्छेद-५: स्थानीय पर्यटकीय पूर्वाधार निर्माण | ४ |
| परिच्छेद-६: पर्यटकीय पूर्वाधार निर्माण | ७ |
| परिच्छेद-७: घोषित एक जिल्ला एक नमुना पर्यटन गन्तब्यमा पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धन | १० |
| परिच्छेद-८: संभाव्यता अध्ययन/गुरुयोजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी | ११ |
| परिच्छेद-९: होम स्टे भौतिक पूर्वाधार सहयोग | १३ |
| परिच्छेद-१०: महोत्सव/मेला संचालन सहयोग | १३ |
| परिच्छेद-११: प्रचार प्रसार कार्यक्रम | १४ |
| परिच्छेद-१२: तालिम/गोष्ठी/अध्ययन भ्रमण | १५ |
| परिच्छेद-१३: नीतिगत विषयवस्तु | १७ |
| परिच्छेद-१४: अन्य पर्यटकीय पूर्वाधार निर्माण | १७ |


उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

निरंजन श्रेष्ठ
महाशाखा प्रमुख

## परिच्छेद-१ः संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम कार्यक्रम संचालन तथा कार्यान्वयन कार्यविधि, २०७६ "पर्यटन" रहेको छ ।

२. यो कार्यविधि आर्थिक वर्ष २०७६/७७ को लागि लागू हुनेछ ।

## परिच्छेद-२ः परिभाषा

३. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका पर्यटन पूर्वाधार निर्माण र पर्यटन प्रवर्द्धन संवन्धि स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत कार्यविधीलाई सम्झनुपर्छ ।

ख. "मन्त्रालय" भन्नाले प्रदेश सरकार, प्रदेश नं. ३, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

ग. "सम्बन्धित निकाय वा कार्यालय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको सरकारी निकायलाई सम्झनुपर्छ ।

घ. महाशाखा भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको महाशाखा सम्झनुपर्छ ।

ङ. "कार्यालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका विषयगत कार्यालयहरु सम्झनुपर्छ ।

च. "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको महानगरपालिका, उपमहानगरपालीका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

## परिच्छेद-३ः कार्यविधिको सामान्य मार्गदर्शन

४. स्वीकृत वार्षिक कार्यक्रममा स्थान नतोकिएका कृयाकलापहरुको लागि संवन्धित निर्वाचन क्षेत्रका माननीय सदस्य (प्रदेश सभा) लगायत सरोकारवालाहरुसंगको समन्वयमा उपयुक्त स्थानको छनौट गरिनेछ ।

५. पर्यटन विकास तथा प्रवर्द्धनका कार्यक्रमहरु उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, पर्यटन विकास आयोजना, प्रदेश सरकार अन्तरगतका कार्यालयहरु, स्थानीय सरकारसँगको समन्वय, उपयुक्तता र आवश्यकताको आधारमा संघिय सरकारका सम्बन्धित निकाय वा कार्यालयहरु मार्फत संचालन गर्न गराउन सकिनेछ ।

६. उपभोक्ता समितिले पुऱ्याउनु पर्ने योगदानको हकमा प्रदेश सरकार वा मातहत मन्त्रालयहरुले निर्णय गरे बमोजिम हुनेछ ।

७. सामुदायिक वन क्षेत्रमा पर्यटन पूर्वाधार सम्वन्धि कार्यहरु वन तथा भूसंरक्षण विभागले तयार गरेको सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धन कार्यविधि २०७५ बमोजिम गरिनेछ ।

८. होमस्टे पूर्वाधार सहयोग, स्तरोन्नती र संचालन सम्बन्धि कार्यहरु नेपाल सरकारबाट स्वीकृत "होमस्टे संचालन कार्यविधि, २०६७" बमोजिम गरिने छ ।

९. राष्ट्रिय वन क्षेत्रमा संचालन गरिने पर्यटन पूर्वाधार संवन्धि क्रियाकलापहरु सम्बन्धित डिभिजन वन कार्यालय र राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्र भित्रको कार्यक्रमहरु सम्वन्धित राष्ट्रिय निकुञ्ज/संरक्षण क्षेत्र कार्यालयसँग समन्वय र सहकार्य गरी लिखित सहमती लिएर मात्र गरिनेछ ।

प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

१०.ऐतिहासिक प्राचिन स्मारक तथा पुरातत्वसँग सम्बन्धित कार्यहरु पुरातत्व विभागसंग समन्वय र सहकार्य गर्दै नेपाल सरकारको "प्राचिन स्मारक संरक्षण सम्बन्धि कार्यविधी, २०६४" वमोजिम गरिनेछ ।

११.हिमाल आरोहण तथा अन्य पर्यटन उद्योगसँग सम्बन्धित कार्यहरु नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयवाट स्वीकृत "पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० "बमोजिम गरिनेछ ।

१२.पर्यटन विकासका क्रियाकलापहरु संचालन गर्दा प्रचलित सार्बजनिक खरिद ऐन, सार्बजनिक खरिद नियमावली, प्रदेश सार्वजनिक खरिद नियमावली, २०७६ र आर्थिक कार्यविधिहरु, प्रदेश आर्थिक ऐन, सार्वजनिक खर्च सरलिकरण ऐन र अख्तियारी मार्गदर्शन पुर्णरुपले पालना गरिने छ ।

१३.मनोरञ्जन, प्राकृतिक वा साँस्कृतिक दृश्यावलोकलनका लागि प्रदेश क्षेत्रभित्रका नदिहरुमा न्याफ्टिङ्ग जलयात्रा (कायाक, क्यानोईङ्ग, डुंगा, नाउ वा अन्य साधन) सम्बन्धि कृयाकलापहरु संचालन गर्दा पर्यटन ऐन, २०३५ को दफा ५६ बमोजिम तयार भएको जलयात्रा नियमावली, २०६३ का प्राबधानहरुको पालना गरिने छ ।

१४. हिलस्टेशन अन्तरगत निर्माण गरिने भ्यु टावर निर्माण, वन बगैचा स्थापना, विश्राम तथा मनोरञ्जन घरहरुको स्थानीय भौगोलिक अवस्थिति र धार्मिक, सांस्कृतिक, जैविक मौलिकता झल्किने गरी परामर्शदाताबाट छुट्टाछुट्टै रुपमा तयार भएको विस्तृत आयोजना प्रतिवेदन अनुसार ठेक्का प्रकृयावाट निर्माण कार्य सम्पन्न गरिनेछ ।

१५.सम्बन्धित सरोकारवाला पक्षले सम्वन्धित योजनाको लागि सर्भे, डिजाईन, नक्सा तथा लागत ईष्टिमेट सरकारी निकाय तथा नेपाल सरकारबाट मान्यता प्राप्त सेवा प्रदायक संस्था वा कम्पनीबाट तयार गरी पेश गर्न सक्ने छ । उक्त कागजातहरु आयोजनाका प्राबिधिकबाट चेकजाँच गरी आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्न सकिनेछ ।

१६.आयोजनामा उपलब्ध प्राविधिकहरुवाट स्वीकृत आयोजनाहरुको सर्भे डिजाईन तथा लागत ईष्टिमेट तयार गरी प्रचलित कानुन बमोजिम ठेक्का प्रकृया वा उपभोक्ता समिति मार्फत् कार्यक्रम कार्यान्वयनमा ल्याउन सकिनेछ ।

१७.स्थान छनौटः

- ✓ वार्षिक कार्यक्रममा स्थान नतोकिएका क्रियाकलापहरुका लागी संवन्धित क्षेत्रबाट निर्वाचित प्रदेश सभाका सदस्य, स्थानीय तह लगायतका सरोकारवालाहरुको समन्वयमा उपयुक्त स्थानको छनौट गरिनेछ,
- ✓ स्थान छनौट गर्दा सकेसम्म वन क्षेत्र बाहिर गरिनेछ,
- ✓ समुहद्वारा व्यवस्थित वनमा कार्यक्रम संचालन गर्नु परेमा सम्बन्धित समुहको कार्य योजनामा उल्लेख भएको हुनु पर्ने, नभएमा संशोधन गरी संवन्धित अख्तियारवालाबाट स्वीकृत गराउने र प्रदेश सरकारबाट स्वीकृत पर्यटन संवन्धि कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा वन क्षेत्रको जग्गा प्रयोग गरी रुख विरुवा हटाउन र वन क्षेत्रमा भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा भू स्वमित्वमा परिवर्तन नहुने गरी २० प्रतिशत भन्दा कम छत्र घनत्व ( Crown Density) भएको वन क्षेत्रको जग्गा प्रयोग गर्न सकिने छ ।

## परिच्छेद-४: उपभोक्ता समितिबाट गरिने कार्यको कार्यविधि

१८.प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम स्थानीय पर्यटकीय पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ । कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको तथा उपभोक्ता समिति मार्फत कार्य संचालन गर्न उपयुक्त नदेखिएको अवस्थामा वोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ । उपभोक्ता समिति मार्फत संचालन गर्ने कार्यविधि देहाय बमोजिम हुनेछ ।

- उपभोक्ता समिति गठनः संवन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा र आयोजनाका प्रतिनिधिको रोहवरमा लाभग्राही समुदायको भेलाबाट उपभोक्ता समिति गठन गर्नु पर्नेछ । उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित सामान्यतया समावेशी प्रकृतिको हुनु पर्नेछ,
- आयोजनाको सम्बन्धित विशेषज्ञ तथा प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाइन तथा लागत अनुमान तयार गर्ने,
- डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई पनि आधारमा लिन सकिने,
- लागत इष्टिमेट तयार गरी सो को स्वीकृती तथा कार्यक्रम संचालनको निम्ति तयार गरिने प्रस्तावमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि स्पष्ट खुलेको हुनु पर्ने,
- उपरोक्तानुसार गठन भएको समितिको निर्णय, संवन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभाका सदस्य र कम्तिमा संवन्धित स्थानीय तहको वडाको सिफारिस, आयोजनाका प्राविधिकले गरिदिएको लागत अनुमान, डिजाईन नक्सा समेत संलग्न गरी उपभोक्ता समितिले प्रस्ताव/निवेदन पेश गर्नु पर्नेछ,
- संवन्धित उपभोक्ता समितिबाट डिजाइन तथा लागत अनुमान सहितको प्रस्ताव/माग निवेदन प्राप्त भै डिजाइन तथा लागत अनुमान र लागत साझेदारी स्वीकृत भए पश्चात उपभोक्ता समितिसंग नियमानुसार संझौता गरी कार्य आदेश दिइने छ,
- कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर जस्ता सुचक समावेस गरी गर्ने,
- सम्बन्धित कार्यालय, प्राविधिक तथा मन्त्रालयबाट संचालित कार्यक्रमहरुको आवश्यकता अनुसार अनुगमन गरि सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराउने,
- योजना कार्यान्वयन गर्ने उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।
  - उपभोक्ता समिति कार्यकारी समिति हुने छ ।
  - उपभोक्ता समितिले कार्यक्रम संझौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी संपन्न गर्ने लगायतका संपूर्ण जिम्मेवारी वहन गर्ने छ ।
  - संपन्न भएका योजनाको निरन्तर संरक्षण, सदुपयोग, संवर्द्धन, मर्मत संभार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।
  - उपभोक्ता समितिले कार्यस्थलमा खटिएका प्राविधिक कर्मचारीले दिएका सल्लाह सुझाव बमोजिम कार्य संचालन गर्नु पर्नेछ ।
  - उपभोक्ता समितिले रकम खर्च गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको प्रकृया पुरा गरेर मात्र खर्च गर्नु पर्नेछ । प्रकृया नपुर्याई गरिएको खर्च आयोजनाबाट भूक्तानी हुने छैन ।
  - नियमानुसार कट्टी गर्नु पर्ने कर र धरौटी भुक्तानी गर्दा अग्रिम कट्टा गरेर मात्र भूक्तानी गरिने छ ।

## परिच्छेद-५: स्थानीय पर्यटकीय पूर्वाधार निर्माण

१९. आर्थिक वर्ष २०७६/७७ मा देहाय अनुसारका स्थानीय पर्यटकीय पूर्वाधार निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली अनुसार गरिने छ ।

| सि.नं. | कृयाकलापहरु | जिल्ला |
|---|---|---|
| १ | पिन्थली बुद्द पार्क निर्माण रोशी ९, काभ्रे | काभ्रे |
| २ | श्रीनगर मार्गमा रहेको अपुरो पार्क तथा हनुमान मार्गमा अवस्थित अपुरो पार्क निर्माण, काठमाण्डौ | काठमाण्डौ |
| ३ | दक्षिण वाराहीको पार्क निर्माण संपन्न गर्ने, भक्तपुर | भक्तपुर |
| ४ | कुम्भेश्वर ढुंगेधारा माथिको पार्क निर्माण ललितपुर | ललितपुर |
| ५ | कचपचे पार्क निर्माण भ न पा ६ चितवन | चितवन |
| ६ | मणिखोला पर्यटकिय पार्क निर्माण रत्ननगर चितवन | चितवन |
| ७ | हरिहर आश्रम अगाडी पार्क निर्माण बुढानिलकण्ठ | काठमाण्डौ |
| ८ | जाल्पादेवी पार्क निर्माण काठमाडौं | काठमाण्डौ |
| ९ | श्यामलाल प्रतिष्ठान हेटौडामा पार्क निर्माण | मकवानपुर |
| १० | तारकेश्वर नगरपालिका ४ मा पार्क निर्माण | काठमाण्डौ |
| ११ | निलबाराही जंगलमा पार्क निर्माण अधुरो योजना संपन्न गर्ने | भक्तपुर |
| १२ | मनमोहन पार्क लाकुरी भञ्याङ्ग ललितपुर निर्माण अधुरो योजना संपन्न गर्ने | ललितपुर |
| १३ | चितवनको परेवाकोटमा स्थानीय समिती मार्फत जेपी स्मृती पार्क तथा गोलघर धर्मशाला संचालन अधुरो योजना संपन्न गर्ने | चितवन |
| १४ | हिन्चोक भैरवमा पार्क निर्माण/मर्मत, सुर्यविनायक न.पा. ४ | भक्तपुर |
| १५ | अनेकोट मानेगाउँ पर्यटन पूर्वाधार विकास कार्यक्रम पाँचखाल १ | काभ्रे |
| १६ | गोरखनाथ बाबाको मन्दिर परिसरमा धुनीवेसी न.पा. ५ धार्के धादिङ | धादिङ |
| १७ | मातातिर्थ संरक्षण कार्यक्रम एवं पूर्वाधार निर्माण अधुरो योजना संपन्न गर्ने | काठमाण्डौ |
| १८ | सिन्की झरना पर्यटकीय स्थल निर्माण | चितवन |
| १९ | पोखरी डाँडा च न पा ३ मा ग्रिन ट्रेल निर्माण | काठमाण्डौ |
| २० | चिज जनजाति पदमार्ग अधुरो योजना संपन्न गर्ने | रामेछाप |
| २१ | वल्थली, महांकालस्थान, चुलीडाँडा नारायण स्थान पर्यटकीय पदमार्ग निर्माण | काभ्रे |
| २२ | जासुने गिरपानी सोधली पापादिङ पदमार्ग दोलखा | दोलखा |
| २३ | किस्पाङ १ नुचेत नै घरेडी ज्यौती हुँदै ठिकुरी महादेवस्थान सम्म जाने पैदल मार्ग निर्माण | नुवाकोट |
| २४ | रुवी भ्याली गणेश हिमाल पदमार्ग निर्माण | धादिङ्ग |
| २५ | ऐतिहाँसिक मकवानपुर गढीको सुचना गोलघर निर्माण | मकवानपुर |



निरञ्जन श्रेष्ठ
महाशाखा प्रमुख

| सि.नं. | कृयाकलापहरु | जिल्ला |
|---|---|---|
| २६ | पाँचपोखरी ताल संरक्षण कार्यक्रम अधुरो योजना संपन्न गर्ने | सिन्धुपाल्चोक |
| २७ | विन्धवासिनि मन्दिरमा पार्क निर्माण, भक्तपुर | भक्तपुर |
| २८ | श्वेतबाराही पार्क निर्माण ललितपुर म.न.पा. २४ | ललितपुर |
| २९ | मिङ्गेश्वर पार्क निर्माण ललितपुर | ललितपुर |
| ३० | सार्वजनिक पर्ती ऐलानी नदी उकास सरकारी जग्गामा पार्क निर्माण का.म.न.पा. वडा नं. ९ र ३२ | काठमाण्डौ |
| ३१ | राइनो पार्क निर्माण, चितवन | चितवन |
| ३२ | पर्यटकीय पार्क निर्माण, का.म.न.पा. १०, वानेश्वर | काठमाण्डौ |
| ३३ | टंकेश्वर स्थित विष्णुमती खोलाको किनारमा हरित पार्क निर्माण | काठमाण्डौ |
| ३४ | शहिद स्मृति पार्क दुधौली १०, सिन्धुली | सिन्धुली |
| ३५ | शहिद आजाद स्मृति पार्क क.न.पा. , सिन्धुली | सिन्धुली |
| ३६ | सिन्धुपाल्चेकको पिस्करमा स्मृती पार्क निर्माण | सिन्धुपाल्चोक |
| ३७ | हेटौडा ६ मकवानपुरमा बौध्दवाल उद्धान निर्माण | मकवानपुर |
| ३८ | त्रिभुवन पार्क संरक्षण तथा निर्माण चन्द्रागिरी न.पा. ३ ४ र ७ | काठमाण्डौ |
| ३९ | टिकौली इको रिक्रियसन पार्क निर्माण रत्ननगर न.पा. ९ | चितवन |
| ४० | तारकेश्वर नगरपालिका ५ विन्दवासिनीमा वृहद पार्क निर्माण | काठमाण्डौ |
| ४१ | थुमपाखर गोल्मेमा पर्यटकीय पार्क निर्माण | सिन्धुपाल्चेक |
| ४२ | निसानकोट वाल उद्यान, धुनीवेसी धादिङ | धादिङ |
| ४३ | राष्ट्रिय विभूति पार्क मुलावारी चौर थाहानगर १ मकवानपुर | मकवानपुर |
| ४४ | पुष्पलाल स्मृति पार्क क.न.पा. १० सिन्धुली | सिन्धुली |
| ४५ | तारकेश्वर नगरपालिका १० लोकतान्त्रिक(खर्क चौर) मा पार्क निर्माण | काठमाण्डौ |
| ४६ | तारकेश्वर नगरपालिका ७ जयन्तीपुर पार्क निर्माण | काठमाण्डौ |
| ४७ | पुष्पलाल स्मृति पार्क गजुरी धादिङ | धादिङ |
| ४८ | युध्द पार्क निर्माण किर्तिपुर अधुरो योजना संपन्न गर्ने | काठमाण्डौ |
| ४९ | वुढानिलकण्ठको आइतवारेमा पार्क निर्माण | काठमाण्डौ |
| ५० | ह्याङला वुद्ध पार्क निर्माण, जुगल ७ सि.पा. | सिन्धुपाल्चेक |
| ५१ | वुढानिलकठ ९ मा पार्क निर्माण | काठमाण्डौ |
| ५२ | कृष्ण गल्ली पार्क पार्क निर्माण, का.म.न.पा. ४, सुकेधारा | काठमाण्डौ |
| ५३ | मानमानेश्वरी पार्क निर्माण, का.म.न.पा. ५, टंगाल | काठमाण्डौ |
| ५४ | वुढानिलाकण्ठ लुढेखोला करिडोर पार्क निर्माण | काठमाण्डौ |
| ५५ | सपन तिर्थ कोरिकोरमा पार्क निर्माण, टोखा २ र ३ | काठमाण्डौ |
| ५६ | पनिकाटोल भण्डारखालको पूर्वि कुनामा अवस्थित पार्क स्तरोन्नती तथा | काठमाण्डौ |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| सि.नं. | कृयाकलापहरु | जिल्ला |
|---|---|---|
| | निर्माण | |
| ५७ | रानी झरना क्यानोडिंग मिनि लुम्बिनी तथा पार्क निर्माण थाक्रे ६ | धादिङ |
| ५८ | स्टोन पार्क निर्माण जिरी १ दोलखा | दोलखा |
| ५९ | विश्वशान्ती बुद्द पार्क निर्माण भिमेश्वर दोलखा | दोलखा |
| ६० | थामीडाँडा पर्यटन पूर्वाधार विकास कार्यक्रम मण्डनदेउपुर | काभ्रे |
| ६१ | गोदावरी न पा ७ मा पिकनिक स्पट निर्माण | ललितपुर |
| ६२ | चनौटा तपोवन पर्यटन स्थल निर्माण हेटौंडा १९ | मकवानपुर |
| ६३ | सिद्धेश्वर चमेरे गुफा निर्माण तथा स्तरोन्नति | नुवाकोट |
| ६४ | बयोलीकुण्ड पर्यटकिय पुर्वाधार निर्माण, वाह्रबिसे | सिन्धुपाल्चोक |
| ६५ | सामछप्पा पर्यटकीय पिकनिक स्पट निर्माण, म्यागङ गा पा ४ नुवाकोट | नुवाकोट |
| ६६ | चितवनको सेतीदेवी सामुदायिक वनमा पर्यापर्यटन पूर्वाधार निर्माण | चितवन |
| ६७ | सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी तथा दोलखाको भिमेश्वरको डाङडुङ्गे डाँडामा फिल्म सिटी निर्माणको लागि पूर्वाधार निर्माण | सिन्धुपाल्चोक |
| ६८ | कागेश्वरी मनोहरा न.पा. ९ काठमाण्डौ डोडेल डेरी पश्चिममा पर्यटकीय पूर्वाधार विकास | काठमाण्डौ |
| ६९ | झिरघारीको मैत्री वगैचा पर्यटन पूर्वाधार निर्माण | मकवानपुर |
| ७० | मकवानपुरको ढुङ्गेगढी पर्यटन पूर्वाधार निर्माण | मकवानपुर |
| ७१ | भरतपुर महानगरपिलका २९ कविलास गढी मर्मत तथा संभार | चितवन |
| ७२ | मदन आश्रितको स्मृतीमा नारायणी दासढुङा गाजिपुर बहुद्देशीय आयेजनाको पर्यटकीय पूर्वाधार निर्माण | चितवन |
| ७३ | पार्वतीकुण्ड पर्यटकीय क्षेत्र संरक्षण तथा पूर्वाधार निर्माण कार्यक्रम | रसुवा |
| ७४ | श्री शेषलष्मी नारायण परिसर क्षेत्रपुरमा पर्यटकीय पूर्वाधार विकास कार्यक्रम भरतपुर | चितवन |
| ७५ | सुइरेचौर पर्यटकीय क्षेत्र निर्माण सिवपुरी ७ | नुवाकोट |
| ७६ | पाँचपोखरी गाउ पालिका एकिकृत पर्यटकीय पूर्वाधार विकास | सिन्धुपाल्चोक |
| ७७ | तामे पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण(वगैचा, उदयान, गोलघर, शौचालय, मनोरञ्जन पार्क) उमाकुण्ड, गोगुल कुण्ड | रामेछाप |
| ७८ | एकिकृत इन्द्रदह भिमढुङा रामकोट हसनटार कंकाली डाँडा पर्यटन विकास नागार्जुन र चन्द्रागिरी न.पा. | काठमाण्डौ |
| ७९ | चौतारासाँगाचोक गढी न.पा. सिन्धुपाल्चोकमा गौराती पर्यटकीय पूर्वाधार निर्माण | सिन्धुपाल्चोक |
| ८० | मकवानपुरको कुष्माण्ड सरोवरमा पर्यटन पूर्वाधार विकास | मकवानपुर |
| ८१ | इन्द्रदह स्वीजरल्याण्ड कंकाली डाँडा पर्यटकिय पुर्वाधार निर्माण अधुरो योजना संपन्न गर्ने | काठमाण्डौ |



निरञ्जन श्रेष्ठ
महाशाखा प्रमुख

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

| सि.नं. | कृयाकलापहरु | जिल्ला |
|---|---|---|
| ८२ | चितवन जलबिरे क्षेत्रमा रहेको लामो झरनाको पूर्वाधार निर्माण अधुरो योजना संपन्न गर्ने | चितवन |
| ८३ | वि.पी. संग्रहालय समिती सुन्दरीजद (पुँजीगत खर्च) अधुरो योजना संपन्न गर्ने | काठमाण्डौ |
| ८४ | कालिन्चोक पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माण | दोलखा |
| ८५ | हेटौडा गुम्वाडाँडामा पर्यटन पूर्वाधार निर्माण | मकवानपुर |
| ८६ | इमाडोल वोजे पोखरी पर्यटकीय स्थल निर्माण ललितपुर | ललितपुर |
| ८७ | वालकुमारी शहरी पर्यटकीय क्षेत्र विकास, सुनाकोठी ललितपुर | ललितपुर |
| ८८ | स्वयम्भु क्षेत्र पर्यटन विकास कार्यक्रम | काठमाण्डौ |
| ८९ | अनकन्या पर्यटकीय क्षेत्र विकास ज्वालामुखी ७ धादिङ्ग | धादिङ |
| ९० | भिराडिल पर्यटकीय मार्ग निर्माण च न पा | काठमाण्डौ |
| ९१ | गोदावरी न पा १० मा सिंडी निर्माण | ललितपुर |
| ९२ | शान्ती झरना जाने पर्यटन मार्ग मर्मत चितवन | चितवन |
| ९३ | हनुमानढोका वसन्तपुर र ठमेल जोड्ने का.न.पा. २४ इन्द्रचोक पदमार्ग स्तरोन्नती | काठमाण्डौ |
| ९४ | लामोसाँघु तामाखानी पदमार्ग निर्माण, वलेफी गा. पा. | सिन्धुपाल्चोक |
| ९५ | वाफल छरितेङ वाघखोर देखि लौरे पर्यटन मार्ग | सिन्धुपाल्चोक |
| ९६ | सिन्धु-हेरिटेज पदयात्रा ट्रेल विस्तार÷स्तरोन्नती | सिन्धुपाल्चोक |
| ९७ | फुलचोकी पदमार्ग निर्माण, गोदावरी न.पा. ३ ललितपुर अधुरो योजना संपन्न गर्ने | ललितपुर |
| ९८ | नगरकोट तान्चोक धुलिखेल नमोवुद्ध तेमाल पर्यटकिय मार्ग निर्माण अधुरो योजना संपन्न गर्ने | काभ्रे |
| ९९ | च.न.पा.-९ मच्छेगाउँको शान्ति इस्तुपा, च.न.पा.-८ को चम्पादेवी, च.न.पा.-६ को मातातीर्थ, चन्द्रागिरी हिल्स हुँदै च.न.पा.-२ मसिनेसम्मको पदमार्ग निर्माण गर्ने | काठमाण्डौ |
| १०० | आइतबारे स्थान पैदलमार्ग निर्माण | काठमाण्डौ |
| १०१ | पदाली श्रृङ्गऋषि देउराली संकट मुक्तेश्वर पैदलमार्ग ललितपुर | ललितपुर |
| १०२ | चम्पादेवी पर्यटकीय क्षेत्रमा सिढि निर्माण दक्षिणकाली न.पा. १ | काठमाण्डौ |
| १०३ | हेलम्वु हिमालयन हेरिटेज ग्रेट ट्रेल निर्माण | सिन्धुपाल्चोक |
| १०४ | न्ह्याँक ट्वाको, डबली काठमाण्डौ २५ | काठमाण्डौ |
| १०५ | सेतो मछिन्द्रनाथ वहाल अगाडीको डबली काठमाण्डौ २५ | काठमाण्डौ |
| १०६ | मेघौलीमा पर्यटन सूचना केन्द्र र साझा कल्चरल हाउस निर्माण | चितवन |
| १०७ | प्रदेश नं. ३ को राजधानीमा पर्यटन सूचना केन्द्र निर्माण | मकवानपुर |
| १०८ | जोखिम पदमार्गमा विश्राम घर सोलार स्ट्रिट वनाइ बत्ती जडान रोल्वालिङ्ग मार्ग | दोलखा |



निरञ्जन श्रेष्ठ
महाशाखा प्रमुख

| सि.नं. | कृयाकलापहरु | जिल्ला |
|---|---|---|
| १०९ | जोखिम पदमार्गमा विश्राम घर सोलार स्ट्रिट वनाइ बत्ती जडान धादिङ्ग सोम्दाङ्ग | धादिङ्ग |
| ११० | टेङ्गल चोकको डबली, काठमाण्डौ २५ | काठमाण्डौ |
| १११ | वैकुण्ठेश्वर ताल निर्माण माडी चितवन | चितवन |
| ११२ | चिसापानीवाट पानी ल्याइ खैरहनीमा पोखरी वनाइ वोटिङ संचालन गर्ने, खैरहनि कुचकुचे चितवन | चितवन |
| ११३ | मध्यपुर ठिमी पर्यटन प्रवर्द्धन परियेजना | भक्तपुर |
| ११४ | मकवानपुरको रिषेश्वर सामुदायिक वनमा क्यानोपी वाकिङ | मकवानपुर |

## परिच्छेद-६: पर्यटकीय पूर्वाधार निर्माण

२०.आर्थिक वर्ष २०७५/७६ मा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भै सकेका योजनाहरुको निर्माण कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सिलवन्दी वोलपत्रको प्रकृयाबाट गरिने छ । यसको लागि देहायको प्रकृया अपनाइने छ ।

- प्राप्त हुन आएका विस्तृत परियोजना प्रतिवेदन (DPR) को आवश्यकता अनुसार स्थलगत निरिक्षण समेत गरी विज्ञहरुको टोलीबाट पुनरावलोकन (Review) गराउने
- आर्थिक वर्ष २०७६/७७ मा नै संपन्न हुने कृयाकलापलाई पहिलो प्राथमिकतामा राखी वोलपत्र संवन्धि कागजात तयार गरी ठेक्का प्रकृया शुरु गरिनेछ भने आर्थिक वर्ष २०७६/७७ एकै वर्षमा संपन्न हुन नसक्ने योजनाको हकमा २ वर्ष वा सो भन्दा वढी वर्षमा संपन्न हुने गरी वहुवर्षे योजना स्वीकृतिको लागि मन्त्रालयमा पेश गरी स्वीकृत भै आए पश्चात सोहि बमोजिम ठेक्का प्रकृया अगाडी वढाइनेछ ।
- अनुगमन योजना तयार गरी संचालित कृयाकलापहरुको अनुगमन गरिने छ र तोकीएको काम तोकिएकै समय सीमा भित्र तोकीए बमोजिमको गुणस्तर कायम हुने गरी संपन्न गर्ने गरी निर्माण व्यावसायीलाई पृष्ठपोषण उपलब्ध गराइने छ ।
- तोकिएको समयसीमा भित्र कार्य संपन्न नगर्ने निर्माण व्यावसायीलाई प्रचलित कानुन बमोजिम कार्वाही गरिने छ ।

२१.आर्थिक वर्ष २०७५/७६ मा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भै सकेका र आर्थिक वर्ष २०७६/७७ मा कार्यान्वयन गर्नु पर्ने योजनाहरु देहाय बमोजिम हुनेछन् ।

१. त्रिपुरासुन्दरी वुद्ध पार्क निर्माण, सिन्धुपाल्चोक
२. वुढीचौर पर्यटकीय पार्क पूर्वाधार निर्माण, सिन्धुपाल्चोक
३. बम्फु वाफल खोला ताल तथा हरियाली विकास कार्यक्रम, सिन्धुपाल्चोक
४. काभ्रेको दोलालघाटमा जलविहार सहितको पिकनिक तथा पार्क निर्माण
५. काभ्रे रोसी भुमिचुलीमा भ्यू टावर निर्माण
६. ऐतिहासिक सिद्दवाबा चुचुरोमा भ्यूटावर निर्माण, सिन्धुली

७. नागार्जुनं ३ भ्यू टावर निर्माण र साइकल ट्रेल तथा पार्क निर्माण

८. शैलुङ्ग पयटकिय क्षेत्रमा पुर्वाधार निर्माण (वगैचा, उद्यान, गोलघर, शौचालय, मनोरञ्जन पार्क)

९. धादिङ्ग तोप्लाङ्ग भ्यू टावर निर्माण

१०.सिन्धुपालाल्चोक तातोपानी क्षेत्र संरक्षण तथा पुनरुत्थान कार्यक्रम

११.नुवाकोट चिम्टेश्वरमा वन वगैचा पार्क र भ्यू टावर निर्माण कार्यक्रम

१२.भक्तपुर नयाँ ठिमि हुदै चरखण्डेश्वर मन्दिर - बिन्दाश्वनी मन्दिर- अन्नतलिङ्गेश्वर मन्दिर- सूर्य बिनायक मन्दिर हुदै घ्याम्पेडाँडा पाईलट बाबा क्षेत्रमा सवै क्षेत्र जोडी धार्मिक पर्यटकिय सर्किट निर्माण तथा क्षेत्र विकास कार्यक्रम

१३.बाह्रविसेको सुनकोशीमा इको तथा मेडिटेसन पार्क, सिन्धुपाल्चोक

२२.सिन्धुपाल्चोकको भोटेकोशी, धादिङ्ग/नुवाकोटको त्रिशुली र सिन्धुलीको खुर्कोटमा समुदायमा आधारित पर्यटकीय पदमार्गमा पर्ने खोला किनारमा प्राकृतिक swimming pool निर्माण

यस कृयाकलाप अन्तर्गत विनियोजन भएको रकमले आर्थिक वर्ष २०७६/७७ मा सिन्धुपाल्चोकको भोटेकोशी नदी, धादिङ्ग/नुवाकोटको त्रिशुली नदी र सिन्धुलीको सुनकोशी नदीको खुर्कोटमा संवन्धित नदीका जलाधार क्षेत्रका शाखा खोला नालाबाट प्राकृतिक रुपमा वहने पानीको प्रयोग हुने गरी समुदायमा आधारित पर्यटकीय पदमार्गमा पर्ने खोला किनारमा प्राकृतिक swimming pool निर्माण गरिने छ । यसको लागि चालू आर्थिक वर्ष २०७६/७७ को लागि विनियोजन भएको रु ४ करोड ५० लाख तिनवटै स्थानलाई वरावर हुने गरी १ करोड ५० लाखका दरले वाँडफाँड हुनेछ ।

२३.एक हिलस्टेशन एक भ्यू टावर/ वन वगैंचा/ विश्राम तथा मनोरञ्जन (बहुउद्देश्यीय भवन) घर निर्माण

यस कृयाकलाप अन्तर्गत विनियोजन भएको रकमले आर्थिक वर्ष २०७६/७७ मा आर्थीक वर्ष २०७५/७६ मा DPR तयार भै सकेका स्थानहरुमा भ्यू टावर/ वन वगैंचा/ विश्राम तथा मनोरञ्जन (बहुउद्देश्यीय भवन) घर निर्माण कार्य संपन्न/शुरुवात गरिने छ ।यसको लागि चालू आर्थिक वर्ष २०७६/७७ को लागि विनियोजन भएको रु २० करोड को आयोजनाबाट वाँडफाँड गरी मुडेको संरचनागत कार्य, ककनी, चित्लाङ्ग र सिन्धुलीगढीको संपूर्ण कार्य संपन्न गर्ने र जिरी, शिवालय र रुवी भ्यालीको कार्य शुरुवात गरिने छ । यस अवस्थामा केहि स्थानको हिल स्टेसनको निर्माण कार्य चालू आर्थिक वर्षमा संपन्न हुनेछ भने केहि स्थानको भने चालू आर्थिक वर्षमा शुरुवात गरी आगामी आर्थिक वर्ष २०७७/७८ मा संपन्न हुने व्यवस्था मिलाइने छ ।

२४.आर्थिक वर्ष २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका तर विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भै नसकेका देहाय बमोजिमका योजनाहरुको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम परामर्शदाताहरुबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न लगाईने छ । DPR बमोजिम चालू आर्थिक वर्ष २०७६/७७ मै संपन्न हुन सक्ने देखिएमा ठेक्का संवन्धि कागजात तयार गरी वोलपत्रको सूचना जारी गरिने छ । DPR बमोजिम चालू आर्थिक वर्ष २०७६/७७ मै संपन्न हुन सक्ने नदेखिएमा २ वा सो भन्दा वढि वर्षमा संपन्न हुने गरी संवन्धित निकायबाट बहुवर्षे योजना स्वीकृत गराई सोही बमोजिम ठेक्का प्रकृया शुरु गरिने छ ।

२५.आर्थिक वर्ष २०७६/७७ मा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी कार्यान्वयन शुरु गर्नु पर्ने योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| सि.नं. | विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी कार्यान्वियन शुरु गर्नु पर्ने योजनाहरु |
|---|---|
| १ | विज्ञान पार्क निर्माण, दोलखा |
| २ | रातोमाटे डाँडामा फन पार्क र पिकनिक स्पट निर्माण, राप्ती चितवन |
| ३ | पाको महादेव हरित पार्क. ललितपुर ७ |
| ४ | मकवानपुर जिल्ला मनहरी गा.पा. सुनाचुरी स्थित मोरङ्घेघोलमा ताल पार्क निर्माण |
| ५ | फाखेल मैत्री पार्क निर्माण |
| ६ | चितवनको उदयपुर सामुदायिक वन भित्र पार्क निर्माण |
| ७ | पुष्पलाल स्मृति पार्क तथा जन्मस्थान पूर्वाधार निर्माण |
| ८ | हेटौडा ८ राजपानीमा सिमसार तथा पर्यटकिय पार्क |
| ९ | हेटौडा शहिद पार्कमा भौतिक पूर्वाधार विकास |
| १० | इन्द्रसरोवर पर्यटकीय पूर्वाधार विकास |
| ११ | नेपेमसाल, भैरवकुण्ड, तथा जुगल हिमाल क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण |
| १२ | उत्तरगया धाम पर्यटकीय पूर्वाधार निर्माण, संरक्षण तथा विकास अयोजना, रसुवा |
| १३ | विपी संग्रालय भौतिक पूर्वाधार निर्माण |
| १४ | हिले जलजले पर्यटकीय ताल, वनेपा २ काभ्रे डि.पि.आर. तयारी निर्माण तथा संचालन |
| १५ | निलकण्ठ १२ स्थित शहिद पार्क DPR निर्माण तथा पुर्वाधार निर्माण |
| १६ | भ्यू टावर निर्माण गोगनपानी सुलीथुम्का खाँडादेवी ५ रामेछाप |

नोटः- उल्लेखित १६ वटा योजना मध्ये स्वीकृत वार्षिक कार्यक्रममा नै DPR गर्ने भनी उल्लेख भएकोमा आयोजनाबाट रकम वाँडफाँड स्वीकृत गरी संवन्धित शिर्षकमा विनियोजन भएको वजेटबाट नै DPR गराइने छ भने अन्यको DPR हकमा संभाव्यता अध्ययन/गुरुयोजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी शिर्षकमा विनियोजन भएको रकम खर्च गरी DPR गरिनेछ ।

## परिच्छेद-७: घोषित एक जिल्ला एक नमुना पर्यटन गन्तब्यमा पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धन

२६.आर्थिक वर्ष २०७५/७६ मा घोषणा भएका देहायका नमुना पर्यटन गन्तब्यहरुमा चालू आर्थिक वर्ष २०७६/७७ मा पर्यटन प्रवर्द्धन तथा पूर्वाधार निर्माणको लागि निम्न गतिविधिहरु संचालन गरिने छ ।

- संवन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य, संवन्धित जिल्ला समन्वय समिति र संवन्धित स्थानीय तह तथा सरोकारवालाहरुसंग आवश्यक छलफल एवं समन्वय र सहकार्यमा ती स्थानमा गरिने कृयाकलापहरु छनौट गरिने छन् ।
- आयोजनाका कर्मचारीहरु संवन्धित सरोकारवालाहरुसंग आवश्कय छलफल एवं समन्वय र सहकार्यमा सहजिकरण गर्न स्थलगत रुपमा खटिने छन र भेला तथा छलफलहरु तथा निर्णय हुदा आयोजनाका कर्मचारीको उपस्थिति अनिवार्य हुनेछ ।



निरञ्जन. श्रेष्ठ
महाशाखा प्रमुख

➢ यस शिर्षकमा विनियोजन भएको रकम आयोजना प्रमुखबाट स्वीकृत खर्चको बाँडफाँड बमोजिम सहजिकरण गर्न स्थलगत रुपमा खटिने कर्मचारीको लागि दैनिक भ्रमण भत्तामा पनि खर्च गर्न सकिनेछ ।

➢ यस शिर्षकमा विनियोजन भएको रकम आयोजना प्रमुखबाट स्वीकृत खर्चको बाँडफाँड बमोजिम संवन्धित घोषित क्षेत्रको पर्यटन प्रवर्द्धन हुने खालका गतिविधिहरु जस्तै प्रसारण सामाग्रीको उत्पादन, विभिन्न मिडियाहरुबाट प्रसारण, पर्यटन मेला संचालन आदि जस्ता प्रचारात्मक कृयाकलापमा खर्च गर्न सकिने छ ।तर यस्तो रकम विनियोजित रकमको ५ प्रतिशत भन्दा वढि हुने छैन ।

➢ प्रसारण सामाग्रीको उत्पादन एवं पर्यटन प्रवर्द्धनको लागि आवश्यक कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम परामर्शदाताहरुबाट समेत गराउन सकिने छ ।

➢ भौतिक पूर्वाधार निर्माण संवन्धित कृयाकलाप एकिन भै सके पश्चात यसको लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम परामर्शदाताहरुबाट विस्तृत परियोजना प्रतिवेदन तयार गर्न लगाईने छ । DPR बमोजिम चालू आर्थिक वर्ष २०७६/७७ मै संपन्न हुन सक्ने देखिएमा ठेक्का संवन्धि कागजात तयार गरी वोलपत्रको सूचना जारी गरिने छ । DPR बमोजिम चालू आर्थिक वर्ष २०७६/७७ मै संपन्न हुन सक्ने नदेखिएमा २ वा सो भन्दा वढि वर्षमा संपन्न हुने गरी संवन्धित निकायबाट बहुवर्षे योजना स्वीकृत गराई सोही बमोजिम ठेक्का प्रकृया शुरु गरिने छ ।

➢ यस शिर्षकमा विनियोजन भएको रु १० करोड निम्न उल्लेखित १० वटा नमुना पर्यटन गन्तव्यको लागि रु १-१ करोडका दरले बाँडफाँड गरिएकोछ ।

| सिं. नं. | घोषित एक जिल्ला एक नमुना पर्यटन गन्तव्य | जिल्ला | विनियोजन |
|---|---|---|---|
| १ | सुडे सैलुङ्ग कम्प्लेक्स | सिन्धुपाल्चोक/दोलखा/रामेछाप | रु १ करोड |
| २ | हरिहरपुर गढी | सिन्धुली | रु १ करोड |
| ३ | वासुकी थुम्का क्षेत्र वनेपा | काभ्रे | रु १ करोड |
| ४ | चिम्टेश्वर ककनी कम्प्लेक्स | नुवाकोट | रु १ करोड |
| ५ | ब्रमायणी जुगल कम्प्लेक्स | सिन्धुपाल्चोक | रु १ करोड |
| ६ | रुवी भ्याली | धादिङ्ग | रु १ करोड |
| ७ | सोम्दाङ्ग पार्वती कुण्ड कम्प्लेक्स | रसुवा | रु १ करोड |
| ८ | दामन चित्लाङ्ग इन्द्र सरोवर कम्प्लेक्स | मकवानपुर | रु १ करोड |
| ९ | मेघौली कम्प्लेक्स | चितवन | रु १ करोड |
| १० | जिरि शिवालय कम्प्लेक्स | दोलखा/रामेछाप | रु १ करोड |

## परिच्छेद-८: संभाब्यता अध्ययन/गुरुयोजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी

२७.संभाब्यता अध्ययन/गुरुयोजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी जस्ता कार्यको कार्यविधि देहाय बमोजिम हुनेछ ।

➢ अध्ययन गरिने कृयाकलापहरुका लागि संवन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference, TOR) र लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।

➤ अध्ययन गर्नका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी,फर्म तथा व्यक्तिको छनौट गर्ने

➤ छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्य सूची बमोजिम कार्य गर्ने गरी संझौता गर्ने

➤ संझौता पश्चात आयोजना, संवन्धित स्थानीय तह, संवन्धित जिल्ला समन्वय समिति लगायत अन्य सरोकारवालाहरुसंग समेत संपर्क एवं समन्वय गरी परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतीकरण गर्ने र प्रस्तुतीकरणका समयमा वा अन्य माध्यमबाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने

२८.आर्थिक वर्ष २०७६/७७ मा देहाय बमोजिमको कृयाकलापहरुको संभाव्यता अध्ययन/गुरुयेजना तयारी/विस्तृत परियोजना प्रतिवेदन तयारी गरिने छ ।

१. गौरीशकर हिमाल परिक्रमा तथा परिक्रमा परिपथ संभाब्यता अध्ययन र DPR तयारी
२. जुगल क्षेत्रमा पर्यटन/पर्वतारोहण तालीम केन्द्र सचालन सभाब्यता अध्यगन, गुरुयोजना तयारी
३. विज्ञान पार्क निर्माणको लागि जग्गा प्राप्ति ई आई ए\आई ई ई तथा डिपिआर
४. निलकण्ठ १२ स्थित शहिद पार्क DPR तयारी
५. नेपालको राजनैतिक इतिहासको प्रतिविम्बको राजनैतिक संग्राहलय निर्माण अध्ययन तथा कार्ययोजना
६. नेपालको राजनैतिक इतिहासको प्रतिविम्बको राजनैतिक संग्राहलयका लागि जग्गा प्राप्ती तथा संरक्षण
७. शिवजीको मुर्ती, भ्युटावर, जिपफ्लायर, नेवा छें डि.पि.आर. तयारी
८. शिवालय पाँचपोखरी जटापोखरी केवुलकार DPR निर्माण गोकुलगंगा गा.पा. रामेछाप
९. सित्खा खाँडादेवी दोरम्वा (अलकेश्वर) शैलुङ केवुलकार DPR निर्माण
१०.हनुमन्ते गौरीशंकर एकिकृत पर्यटन विकास योजना तयारी, दोलखा

२९.पर्यटन प्रर्वधन कार्यक्रम अन्तर्गत गरिने सार्वजनिक निर्माणका लागि संभाब्यता अध्ययन, सर्भे,डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार खर्च र विज्ञ परामर्शदाता मार्फत DPR को Review, निर्माण कार्यको अनुगमन र प्रतिवेदन

आर्थिक वर्ष २०७६/७७ मा यस शिर्षकमा विनियोजन भएको रकम यसै आ.व. को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको तर सर्भे, डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार नभएका योजनाहरुको सर्भे, डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार गर्ने कार्यलाई पहिलो प्राथमिकता दिई खर्च गरिनेछ । त्यसै गरी गत आर्थिक वर्ष २०७५/७६ मा भएका संभाब्यता अध्ययन, गुरु योजनाले सिफारिस गरेका कृयाकलापहरुको आवश्यकता र औचित्यताको आधारमा दोश्रो प्राथमिकतामा राखी DPR गर्नमा यस शिर्षकमा विनियोजन भएको रकम खर्च गर्न सकिने छ ।विभिन्न निकायहरुबाट संभाब्यता अध्ययन, सर्भे,डिजाइन, ड्रइङ, DPR तयारीको लागि अनुरोध भै आएको अवस्थामा उल्लेखित दुवै प्रकारका कार्यको DPR तयारीको कार्य संपन्न भै यस शिर्षकमा विनियोजन भएको रकम वाँकी रहेको अवस्थामा स्थलगत रुपमा निरिक्षण गरी प्राविधिकबाट उपयुक्तताको परिक्षण समेत गरी गराई आबश्यकता र औचित्यताको आधारमा संभाब्यता अध्ययन, सर्भे,डिजाइन, ड्रइङ, DPR प्रतिवेदन तयार गर्नमा समेत यस शिर्षकमा विनियोजन भएको रकम खर्च गर्न सकिने छ । यसरी अध्ययन गराउदा स्थलगत रुपमा निरिक्षण गरी प्राविधिकबाट उपयुक्तताको परिक्षण समेत गरी गराई आबश्यकता र औचित्यताको अधारमा आयोजनाबाट विनियोजित वजेटको वाँडफाँड स्वीकृत गराइ गरिनेछ । पर्यटन प्रर्वधन कार्यक्रम अन्तर्गत गरिने सार्वजनिक निर्माणका लागि संभाब्यता अध्ययन, गुरुयोजना निर्माण, सर्भे, डिजाइन, ड्रइङ, DPR प्रतिवेदनहरुको प्रचलित नर्मसको परिधि भित्र रही विज्ञ वा विज्ञहरुको समूहहरुबाट

यस्ता दस्तावेजहरुको पुनरावलोकन (Review) गराउनमा समेत यसमा विनियोजन भएको रकम खर्च गर्न सकिने छ ।यी सवै कार्य प्रचलित सर्वजनिक खरिद ऐन तथा नियमावलीहरु भएको प्रावधान अनुसार गरिने छ ।

## परिच्छेद-९: होम स्टे भौतिक पूर्वाधार सहयोग

३०.होमस्टे संचालनका लागि पहिचान एवं छनौट भएका स्थानहरुमा आवश्यक पर्ने अत्यावश्यक भौतिक पुर्वाधारहरु निर्माणका लागि आयोजनाबाट पूर्वाधारहरुको अध्ययन गरी, डिजाईन तथा ईष्टिमेट तयार गरी आवश्यकता अनुसार भौतिक पूर्वाधार निर्माण गराईने छ । पूर्वाधार निर्माणको काम प्रदेश र स्थानीय समुदायको साझेदारीमा उपभोक्ता समिति मार्फत संचालन गरिने छ । स्वीकृत वार्षिक कार्यक्रममा स्थान तोकिएको भएमा सोही स्थानमा र स्वीकृत वार्षिक कार्यक्रममा स्थान नतोकिएकोमा सार्वजनीक सूचना जारी गरी प्रस्ताव आब्हान गरिनेछ । प्राप्त हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गरी यस शिर्षकमा विनियोजन भएको रकम मध्येबाट एउटा सामुदायिक होम स्टेलाई अधिकतम रु १० लाखमा नवढ्ने गरी भौतिक पूर्वाधार निर्माणको लागि सहयोग रकम उपलब्ध गराइने छ । यस अन्तर्गत निम्न कृयाकलापहरु सचालन हुनेछन् ।

१. थारु होम स्टे पूर्वाधार सहयोग खैरहनी १० र ११

२. रामेछाप न.पा. ६ भोगटेनीमा होमस्टे पूर्वाधार निर्माण सहयोग

३. होम स्टे संचालन भौतिक पूर्वाधार निर्माण सहयोग

## परिच्छेद-१०: महोत्सव/मेला संचालन सहयोग

३१.प्रदेश निर्वाचन क्षेत्रमा औद्यौगिक र पर्यटन महोत्सव, मेला संचालमा सहभागिता जनाउदा देहाय बमोजिम गरिनेछ ।

- ✓ स्थानिय/नगर स्तर सम्मको लागि वढिमा रु दुईलाख सम्म, जिल्ला/प्रदेशस्तर सम्मको लागि वढीमा रु पाँच लाख सम्म खर्च गर्न सकिनेछ ।
- ✓ मन्त्रालय/ पर्यटन विकास आयोजना प्रत्यक्ष सहभागी भै कुल लागत अनुमानको कुनै भाग वा अंशको कार्यक्रममा रकम खर्च गर्न सकिनेछ ।
- ✓ आयोजनाले प्रत्यक्ष रुपमा आयोजक तथा प्रवर्द्धकको रुपमा सहभागि भै रकम खर्च गर्न सकिनेछ ।
- ✓ भिजिट नेपाल २०२० लाई लक्षित हुने मेला, महोत्सव, सास्कृतिक मेला, साहसीक खेल तथा महोत्सब, विदेशीहरु सहभागि हुने खेलहरुमा समेत यो रकम खर्च गरिनेछ ।
- ✓ पर्यटन विकास आयोजना आफैले एकल वा साझेदारी वा आंशिक सहभागितामा मेला महोत्सव संचालन गर्न सकिनेछ ।
- ✓ कुनै पनि मेला महोत्सवमा आयोजना सहभागी हुने वा नहुने विषयमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रवधान बमोजिम आयोजनाले निर्णय गर्नेछ । सहभागिताको लागि अनुरोध गर्दा स्थानीय तह/ जि.स.स.को सिफारिश, संवन्धित क्षेत्रबाट निर्वाचित प्रदेश माननीय सांसदको सिफारिश, उद्योग वाणिज्य संघको संवन्धित शाखा/युनिटको सिफारिश, कुल लागत अनुमान, खर्चको साझेदारीको विषय, आयोजक समितिको पूर्ण कमिटीको वैठकको निर्णय जस्ता विषय समावेश गरी आयोजनमा निवेदन पेश गर्नुपर्नेछ ।



निरञ्जन श्रेष्ठ
शाखा प्रमुख

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

- ✓ सहभागिताको लागि अनुरोध भै आए पश्चात आवश्यकता, औचित्य र सान्दर्भिकता समेतको आधारमा आयोजना र आयोजक विच संझौता गरी सहभागिताको एकिन गरिने छ ।
- ✓ पूर्व संझौता बमोजिम आयोजकको सिफारिशमा सार्वजनिक खरिद नियमावलीको अधिनमा रही बिल अनुसार रकम भुक्तानी गरीनेछ ।

३२.बुद्धको बुद्धत्व प्रवर्द्धनका लागि बुद्ध थियटर फेस्टिभल संचालनका लागि संचालन गर्ने संघ संस्थालाइ अनुदान सहयोग कृयाकलाप प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिने छ ।

३३.काठमाडौं निर्वाचन क्षेत्र नं ३ (२) मा विभिन्न महोत्सव संचालन गर्ने संघ संस्थालाइ अनुदान कृयाकलाप प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिने छ ।

## परिच्छेद-११: प्रचार प्रसार कार्यक्रम

३४.पर्यटन प्रवर्द्धनको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचार प्रसार

यस शिर्षकमा विनियोजन भएको वजेट आयोजनाबाट बाँडफाँड गरी पर्यटकीय पहिचान झल्काउने लोगो, होलोग्राम, बृहत डिजाइनका स्टीकर, लकेट, सूचना म्याप, डिजिटल नक्सा, क्यालेण्डर, ब्राउसर, पोस्टर, पम्पलेट, होडिङ्ग बोर्ड, वाल पेन्टिङ्ग, टिशर्ट, ब्याग, टोपी, श्रब्य दृश्य आदिलाई ईलेक्ट्रोनिक संचार, पत्रपत्रिका, बुलेटिन, पत्र, परिपत्र, वेभसाईट, सामाजिक संजाल आदिको माध्यमबाट राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने गरी खर्च गर्न सकिनेछ । विनियोजित रकम पर्यटन प्रवर्द्धनका लागि दिवस विशेष समारोह, अन्तरक्रिया, बैठक आदी आयोजना गरि प्रचार प्रसार गरिने कार्यमा समेत रकम खर्च गर्न सकिनेछ ।यसमा विनियोजन भएको रकम प्रदेशमा रहेका महत्वपूर्ण गन्तब्यहरु समेटिएको प्रकाशन सामाग्री तयारी छपाइ एवं वितरण गर्ने कार्यमा पनि खर्च गर्न सकिने छ।

३५.पर्यटकीय पहिचान झल्काउने सामाग्रीहरुको बाह्य निकासी, ईलेक्ट्रोनिक संचार, पत्रपत्रिका, बुलेटिन, पत्र, परिपत्र, वेभसाईट, सामाजिक संजाल, सेमिनार, कन्सर्ट, विदेशी पाहुनालाई कोशेली वा मायाको चिनो प्रदान गरेर समेत पर्यटकीय क्षेत्रको अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सकिनेछ । त्यसैगरी यस्ता पर्यटकिय क्षेत्रहरुको प्रवर्द्धनको लागि अन्तराष्ट्रिय गोष्ठि, सेमिनार, Bilateral and Multilateral Tourism Agreements, नेपालको पर्यटकिय गन्तब्यहरुको बारेमा विदेशी Expo, Seminar, Summit हरुमा Stall राख्ने समेतका कृयाकलापबाट अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गरिने कार्यमा रकम खर्च गर्न सकिनेछ ।साथै नेपालको पर्यटकिय गन्तब्यहरुको बारेमा विदेशी संचार मध्यमहरुमा पर्यटन प्रवर्द्धनका लागि प्रसारण सामाग्रीहरुको तयारी एवं प्रसारणमा समेत यस शिर्षकमा विनियोजन भएको रकम आयोजनाबाट बाँडफाँड गरी खर्च गर्न सकिने छ । प्रसारण सामाग्री उत्पादन/निर्माण तथा वेभसाईट निर्माण र संचालनको जस्ता प्रकृतिका कार्यहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्शदाताहरुबाट गराउन सकिने छ ।

३६. Visti Nepal 2020 र प्रदेश पर्यटन दशक (२०२०- २०३०) प्रवर्धनात्मक कार्यक्रम

यस शिर्षकमा विनियोजन भएको वजेट आयोजनाबाट बाँडफाँड गरी Visti Nepal 2020 र प्रदेश पर्यटन दशक (२०२०-२०३०) कार्यक्रम प्रवर्द्धनका लागि पर्यटकीय पहिचान झल्काउने लोगो, होलोग्राम, बृहत डिजाइनका स्टीकर, लकेट, सूचना म्याप, डिजिटल नक्सा, क्यालेण्डर, ब्राउसर, पोस्टर, पम्पलेट, होडिङ्ग बोर्ड, वाल पेन्टिङ्ग, टिशर्ट, ब्याग, टोपी, श्रब्य दृश्य आदिलाई ईलेक्ट्रोनिक संचार, पत्रपत्रिका, बुलेटिन, पत्र, परिपत्र, वेभसाईट, सामाजिक संजाल



निरञ्जन श्रेष्ठ

आदिको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गरिनेछ। विनियोजित रकम पर्यटन प्रवर्द्धनका लागि र्‍याली, दिवस विशेष समारोह, अन्तरक्रिया, बैठक आदी आयोजना गरि प्रचार प्रसार गरिने कार्यमा समेत रकम खर्च गर्न सकिनेछ । यसमा विनियोजन भएको रकम प्रदेशमा रहेका महत्वपूर्ण गन्तव्यहरु समेटिएको प्रकाशन सामाग्री तयारी छपाइ एवं वितरण गर्ने कार्यमा पनि खर्च गर्न सकिने छ। प्रकाशन सामाग्रीहरुको तयारीको कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम परामर्शदाता मार्फत गराउन सकिने छ ।

३७.सामाजिक संजाल(फेसवुक, ट्वीटर, युट्युव, इन्स्टाग्राम आदि) बाट प्रचार प्रसार

सामाजिक सजालबाट ३ नं. प्रदेशको पर्यटन प्रवर्द्धन गर्ने कार्य संवन्धित विषयवस्तुको अनुभव भएका परामर्शदाताहरुबाट प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गराइनेछ ।

३८.विभिन्न संग्राहलयको लागि संग्रहयोग्य सामाग्री संकलन सहयोग

यसमा विनियोजन भएको रकम विभिन्न संग्राहलयको लागि संग्रहयोग्य सामाग्री संकलनको लागि ढुवानी कार्यमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गरिने छ ।

## परिच्छेद-१२: तालिम/गोष्ठी/अध्ययन भ्रमण

३९.होम स्टे संचालनलाइ अनुभव आदान प्रदान एवं असल अभ्यास सिकाइ अध्ययन भ्रमण

- होसान केन्द्रिय समिति तथा प्रदेश समितिसंग समन्वय गरी प्रदेश भित्रका सामुदायिक होम स्टेहरु मध्येबाट आयोजनाले एउटा होम स्टेबाट वढीमा ४ जना सम्म सहभागी छनौट गरी प्रदेश भित्र वा अन्य प्रदेशका सफल सामुदायिक होम स्टेको अध्ययन भ्रमण गराइने छ ।
- यस कृयाकलापको संचालन आयोजनाबाट सोझै अमानतबाट वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम सेवा प्रदायक परामर्शदाता वा संघ संस्था मार्फत पनि गराउन सकिने छ ।

४०.महिला टुरिष्ट/नेचर गाइड तालिम

आयोजनाले सार्वजनिक सूचना मार्फत सहभागी छनौट गरी छनौट भएका महिलाहरुलाई तालिम प्रदान गर्नकोलागि यस शिर्षकमा विनियोजन भएको रकम महिला टुरिष्ट/नेचर गाइड तालिम संचालन गर्नको लागि प्रचलित कानुन बमोजिम दर्ता भै संचालनमा रहेका संवन्धित विषयका तालिम केन्द्रसंग प्रचलित सार्वजनिक ऐन तथा नियमावली बमोजिम प्रस्ताव माग गरी उपयुक्त प्रस्ताव छनौट गरी छनौट भएका तालिम केन्द्रसंग संझौता गरी २० जना सहभागिहरुको तालिम संपन्न गर्नको लागि खर्च गर्न गरिनेछ ।

४१.लोकमार्ग किनारको होटलहरुको आतित्यथा, सरसफाइ तथा गुणस्तर संवन्धि सचेतना कार्यक्रम

यस कृयाकलापको संचालन आयोजनाबाट सोझै अमानतबाट वा स्थानीय आमा समुहहरु, स्थानीय युवा क्लवहरु वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम सेवा प्रदायक परामर्शदाता वा संघ संस्थाहरुसंग प्रस्ताव माग गरी छनौट भएका सेवा प्रदायक परामर्शदाता वा संघ संस्थाहरु मार्फत पनि गराउन सकिने छ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

४२.होम स्टे संचालक तथा संलग्न परिवारको सदस्यलाइ सीप विकास तालिम

- होसान केन्द्रिय समिति तथा प्रदेश समितिसंग समन्वय गरी प्रदेश भित्रका सामुदायिक होम स्टेहरु मध्येबाट आयोजनाले सहभागी छनौट गर्नेछ ।
- तालिमका लागि सम्बन्धित निकायबाट विज्ञ तथा पर्यापर्यटनमा संलग्न ब्यबसायी झिकाई सहजकर्ताको रुपमा उपयोग गरिने छ ।
- तालिम संचालनका लागि आयोजनाबाट सोझै अमानतबाट वा यस्तै प्रकृतिका कार्य गरिरहेका सरकारी तथा अर्ध सरकारी निकायहरुबाट वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम सेवा प्रदायक परामर्शदाता वा संघ संस्था मार्फत पनि गराउन सकिने छ ।

४३.होम स्टे संचालक वा समुदायहरुलाइ Hospitality Management Training

- ✓ होसान केन्द्रिय समिति तथा प्रदेश समितिसंग समन्वय गरी प्रदेश भित्रका सामुदायिक होम स्टेहरु मध्येबाट आयोजनाले सहभागी छनौट गर्नेछ ।
- ✓ तालिमका लागि सम्बन्धित निकायबाट बिज्ञ तथा पर्यापर्यटनमा संलग्न ब्यबसायी झिकाई सहजकर्ताको रुपमा उपयोग गरिने छ ।
- ✓ तालिम संचालनका लागि आयोजनाबाट सोझै अमानतबाट वा यस्तै प्रकृतिका कार्य गरिरहेका सरकारी तथा अर्ध सरकारी निकायहरुबाट वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम सेवा प्रदायक परामर्शदाता वा संघ संस्था मार्फत पनि गराउन सकिने छ ।

४४.प्रदेश सभाका माननीय सांसदहरुलाई हिमाली क्षेत्रको अवलोकन भ्रमण

- ✓ प्रदेश सभा उद्योग, पर्यटन, वन तथा वातावरण समितिको सहजीकरणमा प्रदेश सभा सचिवालयबाट अवलोकन भ्रमणमा सहभागी हुने माननीय सांसदहरुको छनौट भै आए पछि प्रदेश नं. ३ को हिमाली क्षेत्रको अवलोकन भ्रमण गराइने छ ।
- ✓ यस कृयाकलापको संचालन आयोजनाबाट सोझै अमानतबाट वा वन अनुसन्धान तथा तालिम केन्द्र वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम सेवा प्रदायक परामर्शदाता वा संघ संस्था मार्फत पनि गराउन सकिने छ ।

४५.अन्तर प्रदेशीय अनुभव आदान प्रदानको लागि कर्मचारीहरुको लागि अवलोकन भ्रमण

- ✓ पर्यटन विकास आयोजनाबाट अवलोकन भ्रमणमा जाने कर्मचारीहरुको छनौट गरिने छ ।
- ✓ यस कृयाकलापको संचालन आयोजनाबाट सोझै अमानतबाट वा वन अनुसन्धान तथा तालिम केन्द्र वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम सेवा प्रदायक परामर्शदाता वा संघ संस्था मार्फत पनि गराउन सकिने छ ।

४६.पत्रकार तथा संचारकहरुलाई हिमाली क्षेत्रको अवलोकन भ्रमण

- ✓ पत्रकार महासंघ प्रदेश नं. ३ संग समन्वय गरी आयोजनाले अवलोकनमा सहभागी हुने पत्रकार तथा संचारकको छनौट गरी प्रदेश नं. ३ को हिमाली क्षेत्रको अवलोकन भ्रमण गराइने छ ।



निरञ्जन श्रेष्ठ
महाशाखा प्रमुख

✓ यस कृयाकलापको संचालन आयोजनाबाट सोझै अमानतबाट वा वन अनुसन्धान तथा तालिम केन्द्र वा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम सेवा प्रदायक परामर्शदाता वा संघ संस्था मार्फत पनि गराउन सकिने छ ।

४७.पर्यटन प्रवर्द्धन संवन्धी Idea Incubation Campaign संचालन र उत्कृष्ट Idea लाई पुरस्कार वितरण

यसमा विनियोजन भएको रकम सार्वजनिक सूचना आब्हान गरी Idea Incubation Campaign संचालन गर्न र आयोजनाबाट स्वीकृत खर्चको वाँडफाँड बमोजिम उत्कृष्ट Idea लाई पुरस्कार प्रदान गर्नमा खर्च गरिने छ ।

## परिच्छेद-१३: नीतिगत विषयवस्तु

४८.पर्यटन परिषद गठन तथा संचालन

यस शिर्षकमा विनियोजन भएको रकम आयोजनाबाट वाँडफाँड स्वीकृत गरी प्रदेश नं. ३ को पर्यटन परिषद् गठन गर्नको लागि नीति, कार्यविधि तयार गर्ने प्रयोजनको लागि वैठक, गोष्ठी, छपाई तथा प्रचार प्रसारको कार्य र परिषद् सचालनको लागि चालू खर्चहरुमा गर्न सकिने छ ।

४९.पर्यटन नीति, ऐन, नियम, निर्देशिका, कार्यवधि, प्रतिवेदन तयारी (छपाइ समेत)

यस शिर्षकमा विनियोजन भएको रकम आयोजनाबाट वाँडफाँड स्वीकृत गरी प्रदेश नं. ३ को पर्यटन संवन्धि नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि तयार गर्ने प्रयोजनको लागि वैठक, गोष्ठी, छपाई तथा प्रचार प्रसारको कार्य र सरोकारवालाहरुको सुझाव समेतको आधारमा पर्यटन ऐन, नियम, पर्यटन मापदण्ड, कार्यवधि, प्रतिवेदन तथा गुरुयोजना तयार गर्न खर्च गरिनेछ । उक्त दस्तावेजहरु तयारीका लागि मन्त्रालय तथा आयोजनाले सम्बन्धित क्षेत्रका विज्ञ परामर्शदाताको सहयोग लिन सक्नेछ ।

## परिच्छेद-१४: अन्य पर्यटकीय पूर्वाधार निर्माण

५०.सिन्धुली गढी दरवार पुन निर्माण

पुरातत्व विभागसंग संपर्क गरी पुरातत्व विभागले उपलब्ध गराएको विस्तृत परियोजना प्रतिवेदन (DPR) अनुसार कमलामाई नगर पालिका सिन्धुलीसंग समेत समन्वय गरी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम आवश्यकता अनुसार बहुवर्षे योजनाको रुपमा संवन्धित निकायबाट स्वीकृत गराइ सिलवन्दी प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रवधान अनुसारको प्रकृयाबाट निर्माण कार्य गरिने छ ।

५१.3D म्यापिङ्ग सहित पर्यटन नक्सा तयारी

प्रदेश नं. ३ को पर्यटन प्रवर्द्धनको लागि पर्यटन नक्सा सहितको 3D म्यापिङ्ग (Mobile/Computer Apps) तयार गरी पर्यटकिय क्षेत्रको बारेमा सूचना प्रदान गरी पर्यटकलाई आकर्षण गरिने छ । पर्यटन नक्सा सहितको 3D म्यापिङ्ग गर्नु अगाडी यस सम्वन्धमा भएको सम्भाव्यता अध्ययनको प्रतिवेदनले सुझाए अनुसार प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कार्यसूचि तथा लागत अनुमान तयार गरी आर्थिक वर्ष २०७६/७७ मा नमूनाको रुपमा रसुवा, सिन्धुपाल्चोक र दोलखाको उत्तरी क्षेत्रको 3D म्यापिङ्ग (Computer/ Mobile Apps) को

कार्य शूरुवात गरिनेछ । यो कार्य प्रचलित सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम परामर्शदाताहरुबाट गराउन सकिनेछ ।

५२.पर्यटन ग्राम पहिचान घोषणा र पूर्वाधार निर्माण

प्रदेश नं. ३ मा रहेका काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्ला वाहेकका १० ओटा जिल्लामा मन्त्रालयबाट स्वीकृत मापदण्डको आधारमा एकएक वटा पर्यटकीय महत्व वोकेका पर्यटन ग्रामको छनौट गरिने छ ।यसरी पर्यटन ग्रामको छनौट गर्दा संवन्धित क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य र जिल्ला समन्वय समितिसंग समन्वय गरी गरिने छ । पर्यटन ग्राम छनौट भै सके पश्चात छनौट भएको स्थानका स्थानीय वासिन्दाहरुको भेला गरी सोही भेलाबाट छनौट भएका र प्राविधिक दृष्टिकोणले उपयुक्त पर्यटकीय पूर्वाधार निर्माण कार्य गरिने छ । यस्तो भेला संवन्धित वडाको वडा अध्यक्षको अध्यक्षतामा गर्नु पर्नेछ । यस शिर्षकमा विनियोजन भएको रकम पर्यटन ग्राम छनौटको लागि संवन्धित निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्य र समन्वय समितिसंग समन्वय गर्ने कार्य, छनौट भएको पर्यटन ग्राममा भेला गर्ने कार्य, पर्यटकीय पूर्वाधारका कृयाकलापहरुको छनौट, त्यसको प्रविधिक प्रतिवेदन प्राप्त गर्ने कार्य एवं त्यसको डिजाइन, नक्सा, लागत अनुमान लगायतका कार्य र प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार त्यस्ता पूर्वाधार निर्माण गर्ने कार्यमा आयोजना प्रमुखबाट रकम बाँडफाँड स्वीकृत गराई गर्न सकिने छ ।

५३.धार्मिक सांस्कृतिक ऐतिहासिक प्राकृतिक तथा मानव निर्मित पर्यटकीय क्षेत्रको संरक्षण प्रवर्द्धन र पूर्वाधार निर्माण

यसमा विनियोजन भएको रकम माग भै आएका योजना मध्ये संवन्धित विषयका प्राविधिकहरुको स्थलगत प्रतिवेदनको आधारमा आवश्यकता तथा औचित्यता समेतलाई मध्यनजर गरी योजना र त्यसको लागि आवश्यक वजेट समेत मन्त्रालयबाट बाँडफाँड स्वीकृत भए बमोजिम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक तथा मानव निर्मित पर्यटकीय क्षेत्रको संरक्षण प्रवर्द्धन र पूर्वाधार निर्माणका लागि खर्च गर्न सकिने छ ।

५४.संझौता भै कार्यान्वयनमा रहेका र आ व २०७५/७६ को अन्तसम्म संपन्न हुन बाँकि रहेका योजना पुरा गर्ने

यस शिर्षकमा विनियोजन भएको रकम आयोजनाबाट बाँडफाँड स्वीकृत गरी पहिलो प्राथमिकतामा आर्थिक वर्ष २०७५/७६ मा उपभोक्ता समितिसंग संझौता भै विभिन्न कारणले संपन्न हुन नसकेका कार्यहरु संपन्न गर्नको लागि र दोश्रो प्राथमिकतामा आर्थिक वर्ष २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका तर कार्यान्वयनमा आउन नसकेका महत्वपूर्ण पर्यटकीय पूर्वाधार निर्माणको लागि खर्च गर्न सकिनेछ । यसका अतिरिक्त चालू आर्थिक वर्ष २०७६/७७ मा विभिन्न निकायहरुबाट माग भै आएका कृयाकलापहरु आवश्यकता एवं औचित्यताको आधारमा आयोजनाको निर्णय अनुसार छनौट भएका योजनाको निर्माण गर्नका लागि पनि यस शिर्षकमा विनियोजन भएको रकम खर्च गर्न सकिनेछ ।

५५.सिटी भ्यू टावर हेटौडा

प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिने छ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर, नेपाल

## ५६.गोञ्जाला पास संचालन

लाङ्गटाङ्ग क्षेत्रमा महाभूकम्पको कारणले अवरुद्ध भएको गोन्जला पास पदमार्गलाई निर्माण तथा स्तरोन्नती गरी सिन्धुपाल्चोकको हेलम्वु र रसुवाको स्याप्रुवेसीवाट लाङ्गटाङ्ग क्षेत्र हुदै पर्यटकको दोहोरो आवतजावत लाई सूचारु गरी लाङ्गटाङ्गवाट गएका पर्यटक हेलम्बु गई निस्कदा पर्यटकको बसाइ लामो हुने, लाङ्गटाङ्ग राष्ट्रिय निकुञ्जको राजस्व वृद्धि हुने भएकोले सम्भाब्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गराई केन्द्रिय सरकारसँगको समन्वयमा गोन्जला पास सञ्चालनमा ल्याईने छ ।यो कार्य प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम आयोजना आफैले वा केन्द्रिय सरकार रक्षा मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको सहमति प्राप्त भएमा नेपाली सेना मार्फत पनि कार्यक्रम संचालन गर्न सकिने छ ।

निरञ्जन श्रेष्ठ
महाशाखा प्रमुख